"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/८३
च.नं.: ४२१२

☎: ०२३-५८७०००

२०८२/१२/१८

श्री वडा कार्यालय सवै,

दमक नगरपालिका कार्यालय

बिषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

दमक नगरपालिकाको मिति २०८२/१२/०६ गते बसेको १८ औं नगर सभाले आर्थिक ऐन, २०८२( पहिलो संशोधन) तपशिल अनुसार भएकोले निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

१. दमक नगरपालिकाको आर्थिक ऐन, २०८२ मा संशोधन : (१.) दमक नगरपालिका आर्थिक ऐन, २०८२ ( यस पछि मूल ऐन भनिने छ । )

**मूल ऐनको दफा ७ उपदफा १ मा संशोधन** : मुल ऐनको दफा ७ को उपदफा १ मा चटकजस्ता शब्द पछाडी जलाधार तालतलाउ कियाकलाप थप गरिएको छ ।

२. दमक नगरपालिकाको आर्थिक ऐन, २०८२ मा संशोधन :

(१.) दफा २८ को उपदफा ६ मा रहेको "सम्पत्तिकर,मालपोत र व्यवसाय कर चालु आर्थिकबर्षको पौष मसान्त भित्र बुझाउदा १० प्रतिशत छुट दिईनेछ । लामो समय देखि व्यवसायकर बक्यौता रहेको र हाल व्यवसाय बन्द रहेको अवस्था भए चालु आ.ब.को पौष मसान्त भित्र कर बुझाउदा पछिल्लो ३ आर्थिक बर्षको व्यवसाय कर लिई सो मा लाग्ने जरिवाना र बांकी अवधिको व्यवसायकर मिनाहा गरीने छ ।" को सट्टामा "व्यवसाय कर चालु आर्थिक बर्षको बैसाख मसान्त भित्र बुझाउदा १० प्रतिशत छुट दिईनेछ ।

लामो समय देखि व्यवसायकर बक्यौता रहेको र हाल व्यवसाय बन्द रहेको अवस्था भए चालु आ.ब.को बैसाख मसान्त भित्र कर बुझाउदा पछिल्लो ३ आर्थिक बर्षको व्यवसाय कर लिई सो मा लाग्ने जरिवाना र बांकी अवधिको व्यवसायकर मिनाहा गरीने छ ।" वाक्याम्श राखिएको छ ।

(२) मूल ऐनको दफा २८ को उपदफा ७ मा रहेको २०८२ साल पौषमसान्त सम्म आर्थिक बर्ष २०७८।०७९ सम्मको व्यवसाय करको बक्यौता बुझाउने करदाताहरु लाई लाग्ने सवै जरिवाना छुट दिइन छ । को सट्टामा २०८३ साल बैसाख मसान्त सम्म आर्थिक बर्ष २०७८।०७९ सम्मको व्यवसाय करको बक्यौता बुझाउने करदाताहरु लाई लाग्ने सवै जरिवाना छुट दिइने छ । वाक्याम्श रहेको छ ।

(३) मुल ऐनको दफा २८ को उपदफा १७ मा रहेको अन्य निकाय बाट चार बर्ष अघि देखि इजाजत तथा अनुमति लिएका व्यवसायिक फर्म तथा कम्पनीहरुले दमक नगरपालिकामा चालु आ.ब. को पौष मसान्त भित्र दर्ता प्रकृयामा आए पछिल्लो चार बर्षको मात्र व्यवसाय कर लिई त्यसमा लाग्ने सम्पूर्ण जरिवाना मिनाह गरिने छ,। सट्टामा अन्य निकायमा चार बर्ष अघि देखि इजाजत तथा अनुमति लिएका व्यवसायिक फर्म तथा कम्पनीहरुले दमक नगरपालिकामा चालु आ.ब. को बैसाख मसान्त भित्र प्रकृयामा आए पछिल्लो चार बर्षको मात्र एकमुष्ठ व्यवसाय कर लिई त्यसमा लाग्ने सम्पूर्ण जरिवाना मिनाह गरिने छ । वाक्याम्श रहेको छ ।

... राज निरौला
... प्रशासकीय अधिकृत

(४) मुल ऐनको अनुसूची २० पछाडी संशोधन : मुल ऐनको अनुसूची २० पछी अनुसूची २१ थप गरि देहाय बमोजिम व्यवस्था गरिएको छ।

| क्रियाकलाप सेवा | समय । दुरी | दर/शुल्क प्रति व्याक्ति |
|---|---|---|
| मोटर बोट यात्रा सेवा | ५०० मीटर सम्म | रु. १००। (एक पटक) |
| | १ किलोमिटर सम्म | रु.२००। (एक पटक) |
| | २ कि.मि. देखी ३ कि.मि. सम्म | रु. ५००।(एक पटक) |
| पाइडल बोट | ५०० मीटर सम्म | रु. ५०।(एक पटक) |
| | १ किलोमिटर सम्म | रु.१००। (एक पटक) |
| | २ कि.मि. देखी ३ कि.मि. सम्म | रु. २५०।(एक पटक) |
| हाते डुङ्गा | ५०० मीटर सम्म | रु. ५०।(एक पटक) |
| | १ किलोमिटर सम्म | रु.७०। (एक पटक) |
| | २ कि.मि. देखी ३ कि.मि. सम्म | रु. १०० (एक पटक) |
| | प्रति घन्टा | रु.२००। |

- अन्य शुल्कहरु कोशी प्रदेश आर्थिक ऐन र दमक नगरपालिका आर्थिक ऐनमा तोकिए बमोजिम हुने।

१२।१८

रामराज निरौला
वरिष्ठ प्रशासकीय अधिकृत